# नेपाल मेडिकल काउन्सिलको अस्थायी दर्ता प्रमाणपत्र (Temporary Registration) प्राप्त गर्नका लागि बुझाउनुपर्ने कागजपत्रहरू

नेपाल मेडिकल काउन्सिलबाट अनलाइन भेरिफिकेसनको म्यासेज प्राप्त भए पश्चात अस्थायी दर्ता प्रमाणपत्र प्राप्त गर्न काउन्सिलमा निम्न कागजपत्रहरू अनिवार्य रुपमा बुझाउन आउनुपर्नेछ ।

## नेपालभित्रै अध्ययन गर्नु भएकाहरूको हकमा :

१. eSewa बाट भुक्तानी गरेको Payment statement को प्रिन्ट २ प्रति ।

२.अनलाईन आवेदन भर्दा Scan गरि Attached गरेका आवेदन फाराम, कबुलियत नामा, प्रतिज्ञापत्र र Internship Completion Statement को सक्कल प्रति ।

३. Internship Completion Certificate को प्रतिलिपिमा स्थायी चिकित्सकबाट प्रमाणित गरि, सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपी १ प्रति ।

४.उर्त्तिण भएको नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा (Licensing Examination) को प्रवेशपत्र (Admit Card) १ प्रति ।

५. नेपाल मेडिकल काउन्सिलले प्रदान गरेको परीक्षण दर्ता प्रमाणपत्र (Provisional Registration Certificate) को सक्कल प्रति ।

६. दर्ता प्रमाणपत्र परीक्षाको अनलाईन आवेदन दिदा अपलोड गरिएको PP Size को फोटो ४ प्रति ।

७. दर्ता आवेदन पश्चात System बाट स्वतः रुपमा तयार हुने Sample Certificate प्रिन्ट १ प्रति ।

## नेपाल बाहिर अध्ययन गर्नु भएकाहरूको हकमा :

१. eSewa बाट भुक्तानी गरेको Payment statement को प्रिन्ट २ प्रति ।

२.अनलाईन आवेदन भर्दा Scan गरि Attached गरेको आवेदन फाराम, कबुलियत नामा, प्रतिज्ञापत्र, Internship Completion Statement को सक्कल १/१ प्रति ।

३. उर्त्तिण भएको नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा (Licensing Examination) को प्रवेशपत्र (Admit Card) १ प्रति ।

४. एस.एल.सी.देखि माथि आफुले हासील गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरू, नेपाल मेडिकल काउन्सिलबाट प्रदान गरिएको योग्यता निर्धारण प्रमाणपत्र (Eligibility Certificate), Internship Completion Certificate तथा नागरिकताको १/१ प्रतिमा स्थायी चिकित्सकबाट प्रमाणित गरि, सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपी ।

५. दर्ता प्रमाणपत्र परीक्षाको अनलाईन आवेदन दिदा अपलोड गरिएको PP Size को फोटो ४ प्रति ।

६. दर्ता आवेदन पश्चात System बाट स्वतः रुपमा तयार हुने Sample Certificate प्रिन्ट १ प्रति

नोट :

- काउन्सिलमा प्रमाणपत्र तयार भइसके पश्चात लिन आउनहुन भनि एस. एम. एस. बाट जानकारी गराइनेछ ।
- तपाईंको Admit Card परीक्षाको आवेदन स्वीकृत गर्ने बेलामा नै तपाईंको इमेलमा पठाइएको हुन्छ । उक्त Admit Card काउन्सिलमा पेश गर्ने समयमा काउन्सिलबाटै पूनः प्राप्त गर्नुपर्ने भएमा system बाट पूनः retrieve गरी प्रिन्ट गर्नु पर्ने भएकाले शुल्क बापत Nepal SBI Bank को NMC को खातामा रु. ५००/- (पाँच सय मात्र) जम्मा गरि, रकम जम्मा गरेको बैङ्क भौचर सहित निवेदन पेश गर्नु पर्नेछ ।
- तपाईले दिनु भएको विवरण अनुसार System बाट नै प्रमाणपत्र तयार हुने भएकोले आफ्नो विवरण सहि भए नभएको Sample Certificate मा राम्रोसँग जाँच गर्नु होला । विवरण सच्याउनु पर्ने भएमा Edit option मा गई सच्याउन सक्नुहुनेछ ।
- एक पटक प्रिन्ट भइसकेको प्रमाणपत्र सच्याउनु पर्ने भएमा शुल्क बापत Nepal SBI Bank को NMC को खातामा रु. १०००/- (एक हजार मात्र) जम्मा गरि, रकम जम्मा गरेको बैङ्क भौचर सहित निवेदन पेश गर्नु पर्नेछ ।